व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०८०

प्रस्तावना

पटेर्वा सुगौली गाउँपालिका भित्र संचालनमा रहेका तथा संचालन गर्न चाहने व्यापार तथा व्यवसायहरुको दर्ता गर्ने, अभिलेख गर्ने, व्यवसाय मैत्री वातावरण तयार गर्ने र ती व्यवसायहरुलाई करको दायरामा ल्याउन नीतिगत व्यवस्था गरी सरल, वैज्ञानिक र तजविजी अधिकार/हित बनाउन आवश्यक देखिएकोले पटेर्वा सुगौली गाउँपालिकाको आर्थिक ऐन बमोजिम पटेर्वा सुगौली गाउँपालिकाका प्रशासकीय कार्यविधि ऐन (गर्ने नियमित), २०७५ को दफा ४ को अधिकार प्रयोग गरी पटेर्वा सुगौली गाउँपालिकाको मिति २०८०/०८/१९ मा बसेको बैठकले यो व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०८० बनाई लागु गरेको छ।

१.नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकमा पारित भएपछि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "कर" भन्नाले गाउँपालिकासँग सम्वन्धित प्रचलित ऐन, नियमावली र यो कार्यविधि बमोजिम पटेर्वा सुगौली गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूंजीगत लगानी, आर्थिक कारोवार क्षेत्रगत एवम् व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसायकरलाई सम्झनु पर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर, दर्ता, जरिवाना समेतलाई जनाउछ।

(ख) "कर दाता" भन्नाले दफा ५ बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका व्यक्ति, फर्म वा संघ-संस्थालाई सम्झनुपर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ।

(घ) "कर अधिकृत"भन्नाले यो कार्यविधि बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ।

(ङ) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनुपर्दछ।

(च) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ। सो शब्दले वडा कार्यालय समेतलाई बुझाउने।

(छ) "शाखा" भन्नाले राजश्व सम्बन्धि शाखा तथा उपशाखालाई सम्झनुपर्छ।

Scanned with CamScanner

(ज) "व्यवसायी भन्नाले व्यापार तथा व्यवसाय संचालन गर्ने गरी गाउँपालिकामा व्यवसाय दर्ता गर्ने व्यक्ति/फर्म/संघ/संस्थालाई सम्झनुपर्छ।

३. व्यवसाय दर्ता गरी व्यवसाय दर्ता गर्नेः गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय संचालन गर्नु अघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ। यस अघि स्थापना भै संचालनमा रहेका व्यवसायहरु समेत यसै कार्यविधि बमोजिम दर्ता गर्नु पर्ने।

४.व्यवसाय सञ्चालनको अनुमति लिनुपर्नेः

१) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्बन्धित निकायबाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने प्रावधान भएका पेशा,व्यवसाय,उद्योगधन्दा संचालन गर्नुपूर्व सम्बन्धित निकायबाट अनिवार्य दायित्व सम्बन्धित व्यवसायीयको हुनेछ।

२) यस कार्यविधि बमोजिम गाउँपालिकाको कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा,व्यवसाय उद्योगधन्दा सञ्चालन गर्ने अनुमति पाएको मानिने छैन।

५. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्नेः (१) गाउँपालिकाभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची-१ मा उल्लेखित ढाँचाको दरखास्त फारम कार्यालयमा दिन सक्ने छ। यस्तो दरखास्त फारममा देहायका कुराहरु खुलेको हुनु पर्छः-

क) व्यवसायको नामः

ख) व्यवसाय रहने ठेगानाः

ग) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा, पेशा

घ) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु सेवा तथा कामको विवरण

ङ) स्थिर पूँजिगत लगानी

च) व्यवसायीको नाम,ठेगाना र बाबुको नाम, बाजेको नाम

छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम, सम्झौता

ज) समय समयमा गाउँपालिकाले तोकिएको अन्य विवरणहरु

झ) व्यवसायीको नागरिकता

ञ) अन्यत्र व्यवसाय दर्ता र इजाजत प्राप्त भएको भए सोको विवरण तथा इजाजत र दर्ता प्रमाण-पत्र नम्बर

ट) वडा कार्यालयको सिफारिस

ठ) भारतिय नागरिक भए भारतिय आधार कार्डको प्रतिलिपि

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यसउपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नेछ।

Scanned with CamScanner

(३) माथि उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-२ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची-३ को ढाँचामा व्यवसाय दर्ता प्रमाण-पत्र उपलब्ध गराउंनेछ।

(४) एकै व्यक्तिको नाममा एउटै उदेश्य भएको, एक भन्दा बढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा कार्यविधिले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवसाय गरेको अवस्थामा वाहेक छुटा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ।

तर शाखा वा थप कारोबार स्थलको लागि लाग्ने कर एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरु एउटै प्रमाण-पत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले वाधा पुर्याएको मानिने छैन।

६. कर बुझाउने दायित्वः (१) गाउँसभाले पारित गरे अनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता भएको व्यक्ति फर्म वा निजको प्रतिनिधिको हुनेछ।

(२) कुनै व्यवसाय एक भन्दा बढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै पनि व्यक्तिलाई पनि कर बुझाउन बाध्य गर्न सकिनेछ।

७. व्यवसायको नविकरण गर्नुपर्नेः दफा ४ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक बर्ष सुरु भएको ३ महिनाभित्र बार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक बर्षको लागि व्यवसाय नविकरण गर्नु पर्नेछ।

८. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्नेः (१) दफा ४ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरु मध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा ३० दिनभित्र सोको जानकारी कार्यालयमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरेवापत रु. ५००/- थप दस्तुर लिई विवरण संसोधन गरीदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताब र प्रमाण-पत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

(३) व्यवसायको प्रकृति, कारोबार गर्ने बस्तु तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नु परेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दर भन्दा बढी लाग्ने भएमा सो फरक कर रकम समेत असुल गर्नु पर्नेछ।

९. साझेदार थपघट र ठाउँसारी गर्नुपर्ने भएमा स्वीकृति लिनुपर्नेः(१) एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

Scanned with CamScanner

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्वन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक बर्ष सम्मको कर असुल गरी बार्षिक करको दरमा ५०% वा रु. १०००/- मध्ये जुन वढी हुन्छ सो थप दस्तुर समेत लिई साझेदार थप गरीदिनु पर्नेछ।

(३) गाउँपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा कर अधिकृतले आवश्यक जाँचबुझ गरी चालु आर्थिक बर्ष सम्मको कर असुल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्वन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ। यसरी सिफारिस प्राप्त भएकोमा ठाउँसारी हुने वडा कार्यालयले व्यवसाय दर्ता विवरणमा ठाउँ सारी जनाई साविकको वडा कार्यालयमा ठाउँ सारीको जानकारी दिनु पर्नेछ।

(४) उपदफा ३ बमोजिम ठाउँ सारी भएको जनाई प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत किताबमा ठाउँ सारी जनाई लगत खारेज गर्नुपर्नेछ।

(५) उपदफा ४ बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्वन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ।

(६) उपदफा ३ बमोजिम ठाउँ सारी गर्न चाहने करदाताले ठाउँ सारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँ सारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचबुझ गरी रु. २०००/- दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाण-पत्रमा समेत खुलाई व्यवसायको ठाउँ सारी गरिदिनु पर्नेछ।

(७) यस कार्यविधि बमोजिम ठाउँ सारी भई आउने व्यवसायीको लगत कट्टा गर्ने कर्तव्य सम्वन्धित कार्यालयको हुनेछ।

१०. कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्नेः (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्वन्धमा केही कुरा बुझ्न आवश्यक ठाउँमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्वन्धित व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्वन्धित पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ।

(४) यस सम्वन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ।

Scanned with CamScanner

११. व्यवसाय सञ्चालनको अनुमति लिनु पर्नेः (१) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायबाट प्रचलित नेपाल कानून बमोजिम अनुमति लिनुपर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्न पूर्व सम्वन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व व्यवसायीको हुनेछ।

(२) यस कार्यविधि बमोजिम कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा, व्यवसाय संचालन गर्ने अनुमति पाएको मानिने छैन।

१२. व्यवसाय दर्ता खारेज गर्न सकिनेः (१) यस कार्यविधि बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरे सम्म सो व्यवसाय चालु रहेको मानिने छ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ।

(३) ऐन नियमावली र यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मुनासिब कारण खोली व्यवसायीले सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्य जाँचबुझ गरी चालु आ.व.सम्मको कर र व्यवसाय खारेजीको लागि गाउँपालिकामा सिफारिस सहित पठाउनु पर्नेछ। गाउँपालिकाले कागजात अध्यन गरी लगत कट्टा वापत लिइने सेवा शुल्क समेत असुल गरी लगत कट्टा गरिदिनु पर्नेछ।

(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा संचालन गरेमा र व्यवसाय संचालन सम्वन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह व्यवसायीबाट असुल गर्नेछ।

(६) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ।

(७) यस दफा अन्तर्गतको उपदफा (५) वमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्वद्ध व्यवसयीको नाममा गाउँपालिकामा ३ बर्षसम्म कुनै पनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ। साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ।

१३ जरिवाना तथा थप दस्तुर लाग्नेः (१) कार्यविधिमा तोकिएको समयभित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएको आर्थिक बर्षको लागि सम्बन्धित आर्थिक वर्षको अन्तसम्मको लागि लाग्ने करमा ५० प्रतिशत जरिवाना लिई असुल उपर गरिनेछ।

(२) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक बर्षको लागि लाग्ने कर रकमको बार्षिक १०० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ।

१४. प्रतिलिपि दिन सक्नेः व्यवसायको दर्ता प्रमाण-पत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाण-पत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाण-पत्र जारी गर्न सक्नेछ।

१५. व्यवसाय संचालन नभएको सिफारिस दिन सक्नेः प्रचलित कानून बामोजिम दर्ता भएका व्यवसाय संचालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो व्यहोरा प्रमाणित भएमा सो प्रकृतिको व्यवसायमा लाग्ने बार्षिक करको ५० प्रतिशत वा रु. १०००/- मध्ये जुन बढी हुन्छ सो बाराबरको दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ।

१६. व्यवसायको पूँजी सम्बन्धी व्यवस्थाः

१७. व्यवासय दर्ता/नविकरण नगरी संचालन गरेमा कारवाही हुनेः (१) प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र संचालन गरेको पाईएमा वडा कार्यालय वा कार्यालयले सम्वन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले ३५ दिनभित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु वन्द गर्न सक्नेछ। साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानबाट प्रवाह हुने सेवा, सुविधाहरु बन्द गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि २ महिनाभित्र पनि व्यवसाय दर्ता/ नविकरण नगरी व्यवसाय संचालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय वन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ।

१८. बाधा अडकाउ फुकाउने अधिकारः (१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ।

(२) प्रचलित ऐन, नियम र यस कार्यविधिको मूलभूत कुरालाई असर पर्ने गरी माथि (१) बमोजिमको बाधा फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन।

Scanned with CamScanner

१९.प्रोत्साहन र सहजीकरण सम्बन्धी व्यवस्थाःकृषिजन्य उद्योग संचालन गर्ने,स्थानीय बासिन्दालाई रोजगारी प्रदान गर्ने,स्थानीय उत्पादनलाई बजार प्रदान गर्ने,स्थानीय उत्पादनलाई बजार प्रदान गर्ने,लक्षित वर्ग(एकल महिला,महिला,सीमान्तकृत,उत्पीडित,विपन्न साथै युवा)लाई उद्यमशीलता प्रवर्द्धनको लागी अनुदान प्रदान गर्न सकिनेछ।यस्ता अनुदान तथा सहुलियत लागी वार्षिक नीति तथा कार्यक्रममा समेटी आवश्यक बजेट विनियोजन गरिनेछ।

२०.श्रमिक सम्बन्धी व्यवस्थाःउद्योग/व्यवसायले नेपालको प्रचलित श्रम ऐन तथा श्रमसँग सम्वन्धी प्रचलित नियम कानूनको पूर्ण पालना गर्नुपर्नेछ।अन्यथा हुन गएको उजुरी वा जानकारी आएमा आवश्यक कारवाही गरिनेछ।

२१.वाततावरण तथा भौगोलिक प्रभावःखानी उत्खन्न,रासायनिक पदार्थ उत्पादन तथा प्राकृतिक श्रोत साधन प्रयोग गरि संचालन गरिने उद्योग संचालन पूर्वअनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्याङ्कन गरिने विज्ञको सिफारिस बमोजिम अनुमति दिने वा नदिने अधिकार गाउँपालिकासँग निहित रहनेछ।सथै गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण उद्योग व्यवसायले आफूले उत्पादन गरेको फोहोर,प्रदुषण व्यवस्थापन गर्ने जिम्मेवारी लिनु पर्नेछ।

२२.उद्योग तथा व्यवसायको सामाजिक उत्तरदायित्वःव्यवसायीले नाफाको प्रचलित कानून वमोजिम तोकिएको अंश सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्याई गाउँपालिका भित्र सामाजिक सेवामा खर्च गर्नु पर्नेछ।कार्यालयले स्थानीय आवश्यकता र औचित्यका आधारमा व्यवसायीलाई सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्याइएको रकम खर्च गर्ने क्षेत्र तोक्न सक्नेछ।सामाजिक सेवामा गरिएको खर्चको विवरण कार्यालयमा उपलब्ध गराउने दायित्व व्यवासायीको हुनेछ।

२३.मूल्य निर्धारण,सेवा तथा उत्पादनको गुणस्तर मापदण्ड तथा अनुगमनःकालोबजारी,गुणस्तरहीन सेवा वा वस्तु तथा म्याद गुजिएको वस्तुको बिक्रि वितरण,अधिक मूल्यमा कारोवार तथा आफूखुशी मुल्य वृद्धिलाई दण्डनीय ठहर गरिने तथा जरिवाना सहित व्यवस्था गरिनेछ।गुणस्तर र मूल्य निर्धारणको लागी संघ वा प्रदेश तहका प्राविधिक र संस्थागत जिम्मेवार निकायको निति तथा मोदण्डलाई समेत श्रोतको रुपमा प्रयोग गरिनेछ र व्यवसायीहरुले सामानहरुको मूल्य सूची ग्राहकहरुले देख्ने गरि अनिवार्य रुपमा राख्नु पर्नेछ।अनुगमन तथा मूल्याङ्कन गर्न विज्ञ, उपभोक्ता प्रतिनिधि, जनप्रतिनिधि, व्यवासायी, सुरक्षा निकाय सम्मिलित बजार अनुगमन समितिले काम गर्नेछ।

२४.वडा कार्यालयले अभिलेख राख्नुपर्नेः आफ्नो वडाभित्र सञ्चालनमा रहेका व्यापार,व्यवसायको अभिलेख अनुसूची ४ बमोजिमको ढाँचामा अद्यावधिक राखी त्यसको विवरण गाउँपालिकाको कार्यालयमा उपलब्ध गराउनुपर्ने दायित्व सम्वन्धित वडा कार्यालयमा हुनेछ।

Scanned with CamScanner

२५:अधिकार प्रत्योजन गर्न सकिनेः यस कार्यविधि कार्यन्यनको लागी कार्यपालिका बैठकले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले मातहतका अन्य अधिकृतहरु तथा वडा सचिवहरुलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

२६.बाधा अड्काउ फुकाउने अधिकारः

१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ।

२) प्रचलित ऐन,नियम र यस कार्यविधिको मूलभूत कुरालाई असर नपर्ने गरी दफा (१) बमोजिमको बाधा फुकाउने अधिकारको प्रयोग नगर कार्यपालिकाले गर्न सक्नेछ।

अनुसुची-१

कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित

व्यवसाय दर्ता/नवीकरण निवेदन फारम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
पटेर्वा सुगौली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पर्सा

विषयः- व्यवसाय दर्ता/नवीकरण गर्न र परिचय पाटी राख्न अनुमति पाउँ।

मैले/हामीले .... निम्न .... स्थानमा .... व्यवसाय दर्ता/नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं। नियमानुसार लाग्ने कर, दस्तुर बुझाउनुको साथै गाउँपालिकाबाट समय समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं। साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणंहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं।

१.व्यवसायीको नाम, थर ....
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. स्थायी ठेगानाः .... जिल्ला .... गा.पा. .... वडा नं. ....मार्ग .... घर नं.

३. बाबुको नाम, थरः ....

४. व्यवसाय रहने स्थानको ठेगानाः वडा नं. .... मार्ग .... घर नं. ....

५. सम्पर्क फोन नं. .... फ्याक्स .... ईमेलः ....

६. भाडामा रहेको भए व्यवसाय रहने घर र जग्गाको घरधनीको नाम, थरः ....

७. ठेगानाः .... वडा नं. .... घर नं. ....

८. व्यवसायको विवरण/प्रकृतिः ....

९. पूँजीगत लगानी रु. मा ....

१०. फर्म/कम्पनीको नामः ....

११. परिचय पाटीको साइजः (लम्बाई .... चौडाई .... वर्गफिट ....)

१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. .... कार्यालयः ....

१३. संलग्न गर्नुपर्ने कागजातहरुः आफ्नै घर जग्गा भए जग्गा धनी प्रमाण-पत्रको प्रतिलिपि-१, भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौता पत्र-१, नागरिकता प्रमाण-पत्रको प्रतिलिपि-१, विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१, करदाताको हालसालैको पासपोर्ट साईजको फोटो-२ प्रति, फर्म कम्पनी भएमा दर्ता, इजाजत प्रमाण-पत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व. सम्मको कर तिरेको करदाता प्रमाण-पत्रको प्रतिलिपि-१।

....

निवेदकको
दस्तखत

मितिः

कार्यालय प्रयोजनका लागि मात्रः-

निवेदन दस्तुरः .... दर्ता दस्तुरः ....

व्यवसाय करः .... परिचय पाटी दस्तुरः ....

जरिवानाः .... जम्मा ....

व्यवसाय प्रमाण-पत्र नं. .... मिति ....

....	....	....
पेश गर्ने	ठीक छ भनी प्रमाणित गर्ने	स्वीकृत गर्ने



अनुसुची-२

कार्यविधिको दफा ४ को उपदफा (३) सँग सम्बन्धित

पटेर्वा सुगौली गाउँ कार्यपालिकाको कार्यालय

व्यवसाय कर दर्ता किताबः

पटेर्वा सुगौली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पटेर्वा सुगौली, पर्सा

मधेश प्रदेश, नेपाल

व्यवसाय दर्ता, नविकरण तथा प्रतिलिपि सम्बन्धि विवरण

क्र. सं.	व्यवसाय दर्ता नं.	उद्योग, फर्म, प्रोपराइटरको नाम, ठेगाना	पान नं.	व्यवसाय दर्ता/नविकरण मिति	नविकरण म्याद रहने मिति	व्यवसाय को किसिम	लागत पूँजी	रसिद नं./मिति	रकम	उद्योग, फर्म, प्रोपराइटरको सही छाप	कै

Scanned with CamScanner

अनुसुची-३

कार्यविधिको दफा ४ को उपदफा (३) सँग सम्बन्धित

पटेर्वा सुगौली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, पर्सा

मधेश प्रदेश, नेपाल

व्यवसाय दर्ता प्रमाण-पत्र

करदाता नं. .... दर्ता मिति

.... गते

प्रमाण-पत्र नं.

जिल्ला .... गाउँपालिका .... वडा नं. .... बस्ने श्री .... लाई निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण-पत्र जारी गरिएको छ।

व्यवसायको नामः ....

व्यवसाय रहने स्थानः .... गाउँपालिका वडा नं. ....

बाटोको नामः .... घर नं. .... टोलः ....

व्यवसाय रहने घर/जग्गाधनीको नामः ....

व्यवसायको प्रकृतिः ....

विवरण परिचय पाटीको साईजः

....

पूँजीगत लगानी (रु. मा) ....

....

....

व्यवसायीको हस्ताक्षर स्वीकृत गर्नेको हस्ताक्षर

Scanned with CamScanner

(१)प्रत्येक आ.व.को लागि तोकिएको वार्षिक कर उक्त आ.व.को २ महिना भित्र बुझाई प्रमाण-पत्र नवीकरण गर्नु पर्नेछ। गाउँपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थलै व्यवसाय प्रमाण-पत्र नवीकरण गर्न सकिनेछ।

(२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनु पर्नेछ। अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ।

(४) यो प्रमाण-पत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्दछ।

(५) कुनै पनि किसिमको व्यवसायीक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन यदि सो गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ।

(६) व्यवसायबाट उत्पादन हुने फोहर मैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायीको हुनेछ।

(७) व्यवसाय संचालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

(८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाण-पत्र रद्द गरी व्यवसाय बन्द समेत गर्न सक्नेछ।

(९) यो प्रमाण-पत्र कर प्रयोजनको लागि जारी गरिएको हो। कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र संचालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र संचालन गर्नु पर्नेछ।

Scanned with CamScanner

अनुसूची – ४

कार्यविधिको दफा २४ सँग सम्बन्धित

पटेर्वा सुगौली गाउँपालिका

...........नं. वडा कार्यालय

..............................., पर्सा, मधेश प्रदेश, नेपाल

वडामा रहेका व्यवसायको विवरण

क्र.सं.	व्यवसायीको नाम	व्यवसाय/फर्मको नाम	ठेगाना	सम्पर्क नं.	दर्ता/नविकरण भए/नभएको (आर्थिक बर्ष समेत उल्लेख गर्ने)	कैफियत

प्रमाणिकरण मितिः

आज्ञाले

....

प्रमुख प्रशासकीय

अधिकृत

Scanned with CamScanner